# तुर्माखाँद गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## तुर्माखाँद, अछाम

## सुदूरपश्चिम प्रदेश, नेपाल

**दरखास्त आह्वान सम्बन्धि सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०३)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय सरकार/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाई तथा स्वच्छता, खानेपानी, सिचाई र सामाजिक परिचालन सम्बन्धि कार्यमा सहजीकरण गर्न तुर्माखाँद गाउँपालिका परियोजना कार्यान्वयन एकाई अन्तर्गतका निम्न पूर्णकालीन तथा अल्पकालीन पदहरूका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त फारम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरूः

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको हस्ताक्षर सहित)
- शैक्षिक प्रमाणपत्रहरू, तालिम प्रमाणपत्रहरू तथा कार्यअनुभव प्रमाणपत्रहरूको प्रतिलिपि
- अपाङ्गता भएमा परिचय पत्रको प्रतिलिपि
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी

तपसिलः

क) आवश्यक पदहरू र न्यूनतम योग्यताः

| वि.न. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षिक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| १-२०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छटौ तह / १ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतिर्ण गरि खानेपानी सरसफाई स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| २-२०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह / १ जना | गाउँ कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतिर्ण गरि खानेपानी सरसफाई स्वच्छता, सिचाई, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ३-२०८२८३/ | जलस्रोत प्राविधिक | सहायक चौथो तह / केहि | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तिमा ३० दिने खापासटे तालिम प्राप्त।<br>खानेपानी सरसफाई स्वच्छता, सिंचाई, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

**नोटः तह/संख्यामा केहि उल्लेख भएको पदमा बजेटको सुनिश्चिता र परियोजनाको आवश्यकताका आधारमा परिचालन गरीने छ ।**

**ख) अन्य विवरणः**

- यो सूचना पहिलो पटक प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र आवेदन गाउँपालिका कार्यालय, तुर्माखाँदमा कार्यालय समयभित्र बुझाउनु पर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा शैक्षिक संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैनन्।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादन मुल्यांकनको आधारमा नवीकरण हुनेगरी) नियुक्त गरिनेछन् ।
- स्थानीय व्यक्तिहरू लगायत महिला, दलित तथा पछाडी परेका जातीय समुदायका आवेदकहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई गाउँपालिका कार्यालयले कुनै कारण खुलाई वा नखुलाई पूर्णरूपमा वा आंशिक रूपमा स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।८ज
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षा तथा अन्तर्वार्ता को तालिका गाउँपालिकाको सूचना पाटीमा र गाउँपालिकाको वेभ पेज प्रकाशित गरिनेछ ।
- बिज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न गाउँपालिकाको वेभ पेज www. turmakhadmun.gov.np वाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः अधिकृतस्तरको लागि रू १२००।- (अक्षेरुपी एक हजार दुई सय मात्र), सहायक पाँचौस्तरको लागि रू ७००।- (अक्षेरुपी सात सय मात्र) र सहायक चौथोस्तरको लागि रू ५००।- (अक्षेरुपी पाँच सय मात्र) ।दरखास्त दस्तुर तुर्माखाँद गाउँपालिकाको राजस्व शाखामा दाखिला वा तुर्माखाद गा.पा. को नबिल बैंकमा रहेको **तुर्माखाँद गाउँपालिका ग १.१ आन्तरिक राजस्व खाता नं.** ०७९०१०१७५००५२८ मा दाखिला गरि सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**देव राज चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**

## दरखास्तको ढाँचा

### वैयक्तिक विवरण

फोटो
(अनिवार्य)

विज्ञापन नं. ---------------

**१. प्रस्तावित पद:** ------------------------

**२. आवेदकको पुरा नाम:** ------------------------

**३. लिङ्ग:** ------------

**४. नागरिकता नं. :** ------------------------ जारी गर्ने जिल्ला: -----------------------

**५. जातियताः दलित/जनजाति/अन्य:** -----------------------

**६. जन्म मितिः** ------------------------

**७. सम्पर्क ठेगानाः** ------------------ गाउँपालिका/नगरपालिका, वडा नं.-----, जिल्ला: ------------------------

-

मोबाईल नं. : ------------------------ ईमेल ठेगाना : ------------------------

स्थायी ठेगाना: ------------------ गाउँपालिका/नगरपालिका, वडा नं.-----, जिल्ला: -----------------

*(कृपया नागरिकतामा उल्लेखित ठेगाना रहेको जिल्ला भन्दा स्थायी ठेगाना फरक भएमा बसाईसराईको प्रमाणपत्र पेश गर्नुहोला।)*

**८. शिक्षा:** कृपया तलको तालिकामा औपचारिक शिक्षाको विवरण उल्लेख गर्नुहोला। प्रमाणपत्रहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

| अध्ययन गरेको शैक्षीक संस्थाको नाम | अध्ययन अवधी | | उतीर्ण तह |
|---|---|---|---|
| | देखी | सम्म | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**९. तालिम:** कृपया तलको तालिकामा प्राप्त तालिमहरूको विवरण उल्लेख गर्नुहोला। तालिम प्रमाणपत्रहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

| तालिम प्रदान गर्ने संस्थाको नाम | अवधी/मिति | तालिमका बिषयबस्तु |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**१०.तालिम:** कृपया तलको तालिकामा प्रदान गरेको तालिमहरूको विवरण उल्लेख गर्नुहोला। तालिम प्रदान गरेको प्रमाणहरूको प्रतिलिपि वैयक्तिक विवरणसंग अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

| तालिम गर्ने संस्थाको नाम | अवधी/मिति | तालिमका बिषयबस्तु |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**११.स्थानीय तहमा काम गरेको अनुभवः** कृपया स्थानीय तहसंग काम गरेको अनुभव उल्लेख गर्नुहोला

| गाउँपालिका/नगरपालिकाको नाम र वडा नं. | जिल्ला | काम गरेको बर्ष |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**१२. भाषा सीप:** कृपया तपाईको भाषा दक्षता उल्लेख गर्नुहोस् (राम्रो/औसत/कमजोर)

| भाषा | बोल्ने | पढ्ने | लेख्ने |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |
| अन्य ............. | | | |
| अन्य .............. | | | |

**१३.कार्य अनुभव:** हालैको अनुभवबाट सुरु गर्दै, कृपया तल उल्लेखित ढाँचामा आफ्नो कार्य अनुभव उल्लेख गर्नुहोस्।

| मिति | | रोजगारदाता | पद | कार्य स्थल | कार्य जिम्मेवारीहरूको संक्षिप्त विवरण |
|---|---|---|---|---|---|
| देखि | सम्म | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कृपया प्रत्येक कार्य अनुभवको प्रमाणपत्र प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

कृपया तपाईका मुख्य-मुख्य अनुभव र योग्यताहरु उल्लेख गर्नुहोस् साथै तपाई यो पदका लागि उपयुक्त रहेको व्योहोरा प्रमाणीत हुने गरि लेख्नुहोला। (बढीमा १ पाना मात्र)

**प्रमाणीकरण:**

म, तल हस्ताक्षर गर्ने व्यक्ति, मेरो ज्ञान र विश्वास अनुसार, मैले पेश गरेको वैयक्तिक विवरण (CV) ले मेरो बारेमा, मेरा योग्यता र मेरो अनुभवलाई सही रूपमा वर्णन गर्दछ भनी प्रमाणित गर्दछु। मलाई थाहा छ कि यहाँ उल्लिखित कुनै पनि जानाजानी गलत विवरणले मलाई अयोग्य ठहर गराउन वा नियुक्त भएमा बर्खास्त गराउन सक्छ।

-- /-- / ---- (मितिः दिन/महिना/बर्ष)

[आवेदकको हस्ताक्षर]

## अनुसूचि १ : विभिन्न पदहरूको जिम्मेवारी र कार्यक्षेत्र

### लक परियोजना अधिकृत

| | |
|---|---|
| पद | लक परियोजना अधिकृत — अधिकृत छैठौं स्तर |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिकाको कार्यालय |
| कार्य स्थान | गाउँपालिका/नगरपालिका कार्यपालिकाको कार्यालय, स्थानीय तह भित्र परियोजना कार्य क्षेत्रमा फिल्ड भ्रमण गर्नु पर्नेछ, आवश्यक परेको खण्डमा अन्य तोकिएका स्थानीय तहहरू पनि भ्रमण गर्नुपर्ने हुन सक्छ। |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेही हुनुपर्ने | प्रमुख प्रशासकीय अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | स्थानीय तहको परियोजना व्यवस्थापन समिति (प्रमुख प्रशासकीय अधिकृत र परियोजनाका प्राविधिक सहायता सल्लाहकार मार्फत) |
| शैक्षिक योग्यता | सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, ग्रामीण विकास, प्राकृतिक स्रोत व्यवस्थापन, व्यावसायिक अध्ययन वा अन्य सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण |

कार्य अनुभवः

- ग्रामीण क्षेत्रमा सामुदायिक विकास, योजना तर्जुमा र व्यवस्थापन, वा जीविकोपार्जन/जलस्रोत/ प्राकृतिक स्रोत व्यवस्थापन जस्ता गतिविधिहरूमा न्यूनतम ५ वर्षको कार्य अनुभव साथै स्थानीय तहहरू सँग काम गरेको अनुभव लाइ प्राथमिकता दिइनेछ ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघको वित्तीय सहयोगमा संचालित परियोजनाहरूमा कार्य गरेको अनुभवलाई थप ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरूः

- सामाजिक परिचालन र तालिमहरू सहजीकरणमा राम्रो दक्षता भएको,
- अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा राम्रो दक्षता भएको,
- नेपाली र अंग्रेजीमा प्रतिवेदन लेखनमा राम्रो सीप भएको,



देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७४

- कम्प्युटर सीप (MS Office) मा पकड भएको,
- अनलाइन वेब-वेस र मोवाइल एप (जस्तै एक्टिभिटी इन्फो, कोभो, एम वाटरआदि)मा तथ्याङ्क संकलन तथा प्रतिवेदन गर्न सक्ने सीप भएको ।

काम, कर्तव्य र जिम्मेवारीहरू

- गाउँपालिका/नगरपालिकाहरूलाई विभिन्न योजना तर्जुमा (क्याचमेन्ट व्यवस्थापन योजना समेत) र रणनीतिहरू (जल स्रोत, जीविकोपार्जन, कृषि-वन, जलवायु परिवर्तन अनुकूलन/विपद जोखिम न्युनिकरण/व्यवस्थापन, मर्मत सम्भार तथा दिगोपना, व्यवस्थापकीय सुचना प्रणाली, आदि) तयारी तथा तर्जुमा गर्न योगदान पुऱ्याउने, सहयोग गर्ने र प्रोत्साहित गर्ने साथै प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।
- स्थानीय सरकारका निकाय तथा निर्णयकर्ताहरूलाई लक परियोजना अन्तर्गत हुन सक्ने विकासका अवसरहरूबारे जानकारी गराउने।
- स्थानीय सरकार तथा साझेदारहरूलाई परियोजनाका गतिविधिहरू संयुक्त रूपमा तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्ने।
- परियोजनाका गतिविधिहरूसँग सम्बन्धित वार्षिक कार्यक्रम, अनुगमन र प्रतिवेदन तयार पार्न गाउँपालिका/नगरपालिकालाई सहयोग गर्ने।
- प्राकृतिक स्रोत विकास कोष (NRDF) को स्थिति सहित विभिन्न गतिविधिहरूको प्रगति प्रतिवेदन तयारी, संयोजन तथा प्रमाणित गरि परियोजना व्यवस्थापन समितिलाई पेश गर्ने र संकलन गरिएका तथ्यांकहरुको गुणस्तरियता सुनिश्चित गर्ने।
- क्लस्टर कार्यालय/परियोजना सहयोग एकाई मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाइ पेश गर्नु पर्ने आवधिक (मासिक/चौ-मासिक/अर्ध-वार्षिक/वार्षिक) प्रतिवेदनहरु तयारमा सहयोग गर्ने।
- परियोजनाका सबै गतिविधिहरूको कार्यान्वयन तथा सञ्चालन गर्दा परियोजना कार्यान्वयन निर्देशिका र चरणवद्ध कार्यविधि अनुसार भएको सुनिश्चित गर्ने।
- फिल्डमा विशेष गरी योजना छनौट, तयारी, निर्माण र निर्माण पश्चातको चरण तथा अन्य निर्णय प्रक्रियाहरूमा लैंगिक समानता अपाङ्गता सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित अवधारणा भएको सुनिश्चित गर्ने।
- परियोजनाको अन्तर्गत कार्यान्वयन हुने सबै खालका योजना तथा कार्यक्रमहरू स्थानीय सरकारको समावेशी सात-चरण योजना तर्जुमा प्रक्रियालाई पालन गरि छनौट भएको सुनिश्चित गर्ने।



तुर्माखाँद गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तुर्माखाँद, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७२

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

- वडा समिति, टोल विकास समिति, सामुदायिक वन उपभोक्ता समिति र अन्य सरोकारवालासँग नजिकको समन्वयकारी भूमिका बहन गर्दै योजना तर्जुमा प्रक्रिया सहज बनाउन परियोजना कार्यान्वयन पालिका एकाईका कर्मचारीहरूलाई परिचालन गर्ने।
- परियोजना द्वारा तयार गरिएको व्यवस्थापन सुचना प्रणालीमा स्थानीय तहका कर्मचारीहरूको पहुँच तथा त्यसको प्रयोग गर्नमा सहयोग गर्ने र हासिल भएको नतिजाको समयमै प्रतिवेदन गर्ने ।
- आवश्यकता अनुसार स्थानीय तहको आर्थिक प्रशासन शाखालाई प्राकृतिक स्रोत विकास कोष (NRDF) को वित्तीय प्रतिवेदन तयारीमा सहयोग गर्ने।
- गाउँपालिका/नगरपालिका कर्मचारीहरू तथा निर्णयकर्ताहरूलाई परियोजनाको निर्देशिका, म्यान्युअल र नीतिहरूबारे जानकारी गराउनु।
- गाउँपालिका/नगरपालिका भित्र अन्य संघ संस्थाहरूसँग संभावित सहकार्य र उपलब्ध स्रोत साझेदारी गर्न समन्वय गर्ने।
- परियोजना टोली, स्थानीय कर्मचारीहरू, जिल्ला वन अधिकृत र अन्य सरोकारवाला बीच सहकार्य र सद्भाव कायम राख्दै योजना गरिएका गतिविधिहरू समयमै सम्पन्न हुने सुनिश्चित गर्ने।
- स्थानीय तहका कर्मचारीहरू/सरोकारवालाहरू/वडाहरूमा क्षमता विकास आवश्यकता विश्लेषण गरेर वार्षिक कार्यक्रम तर्जुमाका लागि गतिविधिहरू सहित सुझाव दिने।
- अन्य परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा टोली सदस्यको रूपमा सहभागी हुने।
- परियोजना व्यवस्थापन समितिका बैठकहरूको आयोजना गर्न सहयोग गर्ने र निर्णयहरू तयार पार्ने।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यशाला/गोष्ठी/तालिमको प्रस्तावना तयार पारी अनुमोदन प्रक्रिया र आर्थिक व्यवस्थापन गर्ने। खर्चको पारदर्शिता सुनिश्चित र अग्रिम भुक्तानी समयमै फछ्र्यौट गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रमका गतिविधिहरूको अनुगमन र सुपरिवेक्षण गरी गुणस्तर सुनिश्चित गर्ने र परियोजनाका अनुपालन, मानकहरुको पालना गर्ने र गराउने।
- फिल्डका कर्मचारीहरूलाई कार्यान्वयन योजना अनुसार परिचालन गर्ने । साथै मासिक बैठक र फिल्ड भ्रमणमार्फत उनीहरूको कार्यसम्पादन अनुगमन गर्ने। सबै परियोजना/फिल्ड कर्मचारीहरुले परियोजनाको आचारसंहिता पालन गरिरहेको सुनिश्चित गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) सही रूपमा पालन भइरहेको सुनिश्चित गर्ने।
- परियोजना नतिजाहरू हासिल गर्न सुपरभाइजरले तोके अनुसार अन्य कुनै पनि काम र जिम्मेवारीहरू पालना गर्ने ।



तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

## सब-इन्जिनियर

| | |
|---|---|
| पद | सब-इन्जिनियर — सहायक पाँचौं स्तर |
| रोजगारदाता | गाउँपालिका/नगरपालिकाको कार्यपालिका कार्यालय |
| कार्य स्थान | गाउँपालिका/नगरपालिकाको कार्यपालिका कार्यालय, पालिका भित्रको परियोजनाको कार्य क्षेत्रहरुमा आधारित भएर अधिक अनुगमन भ्रमण । |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | लक परियोजना अधिकृत र प्राविधिक सहायता अधिकृत/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र स्थानीय तहको पूर्वाधार शाखा प्रमुख |
| शैक्षिक योग्यता | सिभिल इन्जिनियरिङ विषयमा प्रवीणता डिप्लोमा |

कार्य अनुभवः

- सामुदायिक आधारित ग्रामीण खानेपानी तथा सरसफाइ, सिँचाइ, बायो-इन्जिनियरिङ र अन्य पूर्वाधार विकासका गतिविधिहरू (सर्भे, डिजाइन, सुपरिवेक्षण/अनुगमन, मूल्याङ्कन आदि) मा कम्तीमा ३ वर्षको कार्य अनुभव।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता,
- स्थानीय भाषामा दक्षता सहित नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने,
- ग्रामीण खानेपानी तथा सरसफाइ र सिँचाइका योजनाहरूको सर्वेक्षण तथा डिजाइन सफ्टवेयर प्रविधि तथा यन्त्रहरु GPS, DGPS जस्तामा राम्रो दक्षता तथा पकड,
- प्रतिवेदनमा राम्रो सीप र अनलाइन वेभवेस र मोवाइल एप एक्टिभिटी इन्फो,कोभो, एम वाटर आदिमा आधारीत प्रतिवेदन गर्न सक्ने दक्षता ।
- इन्जिनियरिङ सफ्टवेयर Auto-CAD मा आधारभूत दक्षता,
- कम्प्युटर सीप (MS Windows)मा आधारभूत दक्षता ।

काम, कर्तव्य र जिम्मेवारीहरूः



तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

- सब-इन्जिनियर परियोजनाका प्राविधिक अधिकृतसँग नजिकको सहकार्यमा गाउँपालिका/ नगरपालिका स्तरमा योजना निर्माण सम्बन्धी प्राविधिक कार्यहरू सम्पन्न गर्ने काममा मुख्य जिम्मेवार हुन्छ।
- उनी/उनले परियोजनाको प्राविधिक सहायता सल्लाहकार वा प्राकृतिक स्रोत व्यघस्थापन विज्ञहरूको प्रत्यक्ष सुपरिवेक्षण र मार्गदर्शनमा, लक परियोजना अधिकृत र फिल्ड संयोजकसँग नजिकको समन्वय गर्दै निम्न कार्यहरू सम्पन्न गर्नेछन्।

योजना तर्जुमा र कार्यान्वयन

- गाउँपालिका/नगरपालिका स्तरका क्षेत्रगत योजना तर्जुमाको प्राथमिककीकरणमा परेका योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययन गर्न र लक अधिकृतलाई परियोजनाको वार्षिक कार्यक्रम तथा क्याचमेन्ट व्यबस्थापन योजना तयारीमा सहयोग गर्ने।
- योजना स्थलगत लेआउट योजना तयार पार्ने र अन्तिम रूप दिने साथै योजनामा आइपर्ने प्राविधिक सवालहरू उपभोक्ता/उपभोक्ता समितिहरूलाइ आम भेला/समितिको बैठकमार्फत छलफल गर्ने।
- परियोजनाका प्राविधिक मापदण्ड अनुसार जलवायु परिवर्तन/विपद जोखिम न्युनिकरणका गतिविधिलाइ एकीकृत गर्दै विस्तृत प्राविधिक सर्वेक्षण गर्ने, डिजाइन र लागत अनुमान तयार पार्ने। साथै पानीको बहु-उपयोगलाई मध्यनजर गर्दै पानीको अधिकतम प्रयोगलाइ सुनिश्चित गर्ने ।
- उपभोक्ता समितिको सामुदायिक कार्य योजना (CAP) तयार पार्न सहयोग गर्ने र समीक्षा गर्न सहभागी हुने।
- स्वीकृत डिजाइन र ड्रइङ्गअनुसार संरचनाको लेआउट अनुसार जल स्रोत प्राविधिक/मिस्त्रीहरूलाई सहयोग गर्ने।
- बाह्य निर्माण सामग्रीकालागि खरिद सम्बन्धी कागजात तयार पार्ने, समितिहरूलाई निर्माण सामग्री खरिद प्रक्रियामा सहयोग गर्ने र निर्माण सामग्रीको गुणस्तर (स्थानीय/बाह्य) सुनिश्चित गर्ने।
- उपभोक्ता समिति र फिल्डका अन्य सदस्यहरुलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तयार पार्न र कार्यान्वयनमा सहयोग गर्ने।

क्षमता अभिवृद्धि, समन्वय र सहकार्यको विकास:

- प्राविधिक सहयोग र सहजीकरणका लागि गाउँपालिका/नगरपालिकाको प्राविधिक टोली र परियोजनाका प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र प्राविधिक अधिकृतसँग प्राविधिक स्पष्टता सहित सहयोग र सहजीकरणकालागि नियमित समन्वय गर्ने ।
- प्राविधिक तालिमहरूमा सहभागीहरूको छनोट गर्न उपभोक्ता समितिलाई सहयोग गर्ने, त्यस्ता तालिममा स्रोत व्यक्ति/सहजकर्ताको रूपमा कार्य गर्ने र योजनाका उपभोक्ता समितिलाई नियमित सञ्चालन तथा मर्मत सम्बन्धी प्राविधिक अभिमुखीकरण प्रदान गर्ने।



देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

- निर्धारित गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, स्थानीय तहका कर्मचारीहरू, तथा अन्य सरोकारवालासँग बलियो सहकार्य र समन्वय कायम गर्ने ।
- गाउँपालिका/नगरपालिका स्तरीय नियमित प्रगति समीक्षा र योजना तर्जुमा बैठकमा सहभागी हुने।

**अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

- निर्माण कार्यको स्वीकृत गुणस्तर मापदण्ड र डिजाइन अनुसार सुनिश्चित गर्दै असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिक तथा स्थानीय स्रोत व्यक्तिहरूलाइ सुपरभाइज गर्ने । साथै निर्माण गतिविधिहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने ।
- सम्पन्न कार्यको नाँपजाच तथा प्रमाणीकरण गरी योजनाको कार्य सम्पन्न प्रतिवेदन र नापी किताब तयार गरी सम्बन्धित निकायमा उपभोक्ता समितिहरूलाई भुक्तानी तथा अन्तिम स्वीकृतिका लागि सिफारिस सहित पेश गर्ने ।
- गाउँपालिका/नगरपालिका भित्रका योजना स्तरमा हुने विभिन्न अनुगमनका भ्रमणहरूमा सहयोग र सहजीकरण प्रदान गर्ने।
- योजनाहरुको जलवायु उत्थानशील पानी सुरक्षा योजना कार्यान्वयन र दिगोपना सम्बन्धि नियमित फलोअप गर्ने ।
- भौतिक प्रगति तथा फिल्डगत प्राविधिक सवाल, चुनौती, तथ्य तथा प्रमाणहरु सहित प्रतिवेदनहरू नियमितरुपमा तयार गरी परियोजना अधिकृत, प्राविधिक अधिकृत, प्राकृतिक स्रोत व्यवस्थापन बिज्ञ र गाउँपालिका/नगरपालिकाका इन्जिनियरलाई पेश गर्ने।
- उपभोक्ता समितिहरूलाई सार्वजनिक लेखा परीक्षण तथा स्थानीय स्तरका भुक्तानीका लागि आवश्यक प्राविधिक प्रतिवेदनहरू तयारीमा सहयोग गर्ने, र
- परियोजनाको चरणबद्ध कार्यविधिमा निर्दिष्ट अन्य प्राविधिक कार्यहरू गर्ने।

**अन्य:**

- परियोजनाको आवश्यकताअनुसार प्राविधिक प्रारम्भिक, अन्तिम तथा अन्य तथ्याङ्क संकलन कार्यहरूमा परिचालीत हुने तथा सहयोग गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) पालन भएको सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।



देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिक**

| | |
|---|---|
| पद | असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिक— सहायक चौथो स्तर |
| रोजगारदाता | परियोजनाको लागि गाउँपालिका/नगरपालिकाको कार्यपालिका कार्यालय |
| कार्य क्षेत्र | गाउँपालिका/नगरपालिकाको वडा कार्यालय वा तोकिएका योजना क्षेत्र (आवश्यकता अनुसार) |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत र लक परियोजना अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | सब-इन्जिनियर र लक परियोजना प्राविधिक अधिकृत |
| शैक्षिक योग्यता | CTEVT बाट सिभिल इन्जिनियरिङमा TSLC गरेको वा कुनै मान्यता प्राप्त विकास निकाय/संस्थाबाट कम्तीमा ३० दिनको खानेपानी तथा सरसफाइ सम्बन्धी प्राविधिक तालिम पूरा गरेको वा सो सरह। |

**कार्य अनुभवः**

- कम्तीमा ३ वटा ग्राभिटी प्रणाली खानेपानी तथा सरसफाइ वा सिँचाइ योजना स्वतन्त्र रूपमा सम्पन्न गरेको र जलस्रोत व्यवस्थापन र निर्माण क्षेत्रमा २ वर्षको कार्य अनुभव भएको।
- नवीकरणीय ऊर्जा, सरसफाइ, स्वच्छता र पानीको गुणस्तर सम्बन्धी अनुभवलाई बढी ग्राह्यता दिइनेछ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ

अन्य दक्षताहरू

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता,
- नेपाली भाषामा लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा दक्षता,
- वेव-वेस र मोवाइल एप (एक्टिभिटी इन्फो, कोभो, एम वाटर आदि)मा आधारभूत प्रतिवेदन गर्ने दक्षता ।

**काम, कर्तव्य र जिम्मेवारीहरूः**

असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिकले योजना स्थलमा निर्माण सम्बन्धी गतिविधिहरूको निगरानी गर्ने प्रमुख व्यक्ति हुन्। उ/उनि निर्माणसम्बन्धी कार्यहरूमा प्राविधिक सहयोग प्रदान गर्ने पूर्ण कालिन समय फिल्डमा कार्य क्षेत्र भएका कर्मचारी हुन्। असिस्टेन्ट सब—इन्जिनियर/जलस्रोत प्राविधिकले परियोजनाका प्राविधिक अधिकृत र सब-इन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा र फिल्ड संयोजक सँगको नजिकको समन्वयमा निम्न कार्यहरू सम्पादन गर्नेछः



गुर्मागाँउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गुर्मागाँउ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

- जलस्रोत सम्बन्धी योजनाहरू (मुख्यतः खानेपानी तथा सरसफाइ, सिँचाई, सुधारिएको पानी घट्ट, जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापनका पूर्वाधार, सुधारिएको चुलो, साथै अन्य नवीकरणीय ऊर्जा प्रविधि) कार्यान्वयनका लागि समुदायलाई परिचालन गर्ने।
- जलस्रोत योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययनमा सहयोग गर्ने र आवश्यक परेमा स्वयं सञ्चालन गर्ने।
- विस्तृत प्राविधिक सर्भे सञ्चालनमा सब—इन्जिनियरलाई सहयोग गर्ने।
- स्थानीय व्यक्तिहरूका लागि दिइने तालिमहरू तथा मर्मत सँभार कार्यकर्ता जस्ता प्राविधिक तालिमहरू सञ्चालन तथा सहयोग गर्ने।
- सबै प्रकारका योजनाहरूको निर्माण कार्य गुणस्तरीय बनाउन उपभोक्ता समिति तथा मिस्त्रीहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गर्ने।
- योजनाहरूको निर्माणका क्रियाकलापहरू द्रुत गतिमा कार्यान्वयनका लागि वडा तथा स्थानीय तहका प्रतिनिधिहरूसँग समन्वय र सहकार्य गर्ने।
- चरणबद्ध कार्यविधि अनुसार निर्माण सामग्री (संरचना अनुसारको प्रयोग), पाइप, फिटिंग, औजार र दक्ष/अदक्ष मिस्त्रीको हाजिरी अभिलेखमा उपभोक्ता समितिलाई सहयोग गर्ने।
- प्राविधिक तालिमहरू जस्तै मर्मत संभार, पम्प अपरेटर, स्थानीय स्रोत व्यक्ति, हेरालो तालिमका लागि सहभागी छनोटमा उपभोक्ता समितिलाई सहजीकरण गर्ने। औपचारिक तालिमपछि फिल्डमा अतिरिक्त व्यवहारिक तालिम दिने र उनीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने।
- पानी महसुल निर्धारण, जलवायु उत्थानशील पानी सुरक्षा योजना, संचालन तथा मर्मत संभार योजना तयारी, योजनाको सञ्चालन निर्देशिका निर्माण तथा कार्यान्वयनमा उपभोक्ता समिति/समुदायलाई सहयोग गर्ने।
- पानीको गुणस्तरसँग सम्बन्धित क्रियाकलापहरू, परीक्षण, जलवायु उत्थानशील पानी सुरक्षा योजना तथा सम्बन्धित तालिमहरू संचालनमा योजना स्तरमा सहयोग गर्ने।
- योजना स्तरमा निर्माण कार्यको लग शीटहरू अध्यावधिक गर्ने।
- उपभोक्ता समितिलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तर्जुमामा सुझाव/सहयोग प्रदान गर्ने र कार्यान्वयनमा निगरानी गर्ने।
- स्रोत संरक्षण, योजनाहरूको दिगोपना सम्बन्धी गतिविधि तथा पूर्ण सरसफाइ सम्बन्धी क्रियाकलापमा सहयोग गर्ने।
- स्थानीय तहमा मनाइने विशेष दिवसहरू (राष्ट्रिय सरसफाइ सप्ताह, हात धुने दिवस, पानी दिवस, वातावरण दिवस आदि) मनाउने जस्ता प्रचार—प्रसार गतिविधिहरूमा सहयोग गर्ने।
- योजना स्तरमा हुने अनुगमन भ्रमणहरूमा सहयोग गर्ने।





देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

टुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

- परियोजना टोली, स्थानीय सरकारका प्रतिनिधिहरू तथा सरोकारवालाहरू सँग समन्वय र सुमधुर सम्बन्ध कायम गर्दै योजनाका गतिविधिहरू समयमै पूरा हुने सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।



तुर्माखाँद गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तुर्माखाँद, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

देव राज चौधरी
प्रमुख प्रशासकीय अधिकृत